स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खान यतिबेला भारतीय सञ्चार माध्यममा 'नेपाली भाइ'का कारण चर्चामा छन्। सलमान खानले आफ्नो परिवारमा एक जना नेपाली भाइ रहेको खुलासा विभिन्न भारतीय सञ्चारमाध्यमले प्रकाशित गरेका छन्। सलमानले आफू सानो छ दाको स्मरण सुनाएका हुन् । त्यतिबेला आफ्ना काकाले टेसु नाम गरेका एक नेपालीलाई धर्मपुत्रका रूपमा पालेको सलमानले बताएका हुन्।

**आजको विचार...**



युवा....
*(दुई पेजमा)*

डा. तुल्सीराम भण्डारी



'माइतीघर' फिल्ममा रहेको चर्चित गीत 'वसन्त नै बस्न खोज्छ' अहिले पनि उत्तिकै सुनिने गरिन्छ। यो गीत अहिले निर्माण भइरहेको फिल्म 'माइतीघर'मा राखिने भएको छ। गीतको छायांन आइतबारबाट बागलुङ कालिका मन्दिरमा सुरु भएको छ। छायांन सेटबाट गीतका केही तस्बिर समेत सार्वजनिक भएका छन्। जसमा उपासना सिंह ठकुरी र श्यामाश्री शेर्पा देखिएका छन्। तस्बिरमा उनीहरूलाई कोरस डान्सरका साथ देखिएका छन्। सुप्रसिद्ध भारतीय गायिका सञ्जीवनीको स्वरमा पुन रेकर्ड भएको गीतको ५ दिनसम्म मन्दिर आसपासमै छायांन हुनेछ।

❒ वर्ष ३० ❒ अंक ३०८ ❒ २०८२ जेठ २० गते मंगलबार 3 June 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## गरे के हुन्न ?

# काँक्रा बिक्री गरेरै ३० लाख आम्दानी !

**रासस** ——

**तम्घास,** जेठ १९/देशमा रोजगार नभएर अधिकांश युवा विदेश पलायन भइरहेका बेला गुल्मीका एक युवाले भने गाउँमै कृषिमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छन् । गुल्मीको छत्रकोट गाउँपालिका-५ खर्ज्याङका ४० वर्षीय विष्णु भण्डारीले बाँझो जमिनलाई सदुपयोग गर्दै कृषि पेसामा छलाङ मारेका हुन् । खर्ज्याङको ४५ रोपनी जग्गामा उनले काँक्रा, लौका, तोराय, फर्सी, खुर्सानीलगायत तरकारी लगाएका छन् । खुकुरापालनसँगै मासु व्यवसायसमेत गरेका भण्डारीको मुख्य उत्पादन काँक्रा हो । विसं २०७२ मा 'घरेलु तथा साना उद्योग विकास कार्यालय'मा 'पूर्णिमा कृषि तथा पशुपक्षी फर्म' दर्ता गरेर व्यवसाय सुरू गरेका भण्डारीले गत वर्ष मात्रै सात लाखको काँक्रा बिक्री गरे । सुरूआती चरणमा थोरैथोरै उत्पादन गरे पनि अहिले व्यवसाय फस्टाएको भण्डारी बताउन्छन् । "गतवर्ष दुई हजार बोटमा फलेका काँक्राबाट सात लाख आम्दानी भयो," उनले भने "यो वर्ष १० हजार बिरूवा लगाएको छु, उत्पादन भएका



सबै काँक्रा बिक्री हुँदा ३० लाख आम्दानी हुन्छ ।" दुई वर्ष अगाडिसम्म काँक्राको मूल्य प्रतिकेजी ४० रूपैँयासम्म रहेको थियो । तर गत वर्ष मूल्य बढेर एक सय ४० सम्म पुग्यो । जसले गर्दा उनको आम्दानी पनि बढेको छ । गत वर्ष भएको आम्दानीबाट प्रेरित भएर यो वर्ष बिरूवा थपेको भण्डारीले बताए । यो सिजनको लागि पनि काँक्रा तयार भइसकेका छन् । गत मङ्सिर ३० गते रोपेका काँक्रा चैत १० बाट बिक्री सुरू भएका थिए । अहिलेको सिजनमा मात्रै उनले तीन सय क्विन्टल काँक्रा बिक्री गरिसकेका छन् । अहिले फलेका काँक्रा सके अहिले नै सबै बिक्री गर्ने, नभए पाकेका पहेँला काँक्रा दसैं-तिहारको समयमा अचारको लागि बिक्री गर्ने उनले बताए । दसैं-तिहारमा पनि बिक्री नभए बीउको लागि प्रयोग गर्ने भण्डारीको भनाइ छ । यो सिजनमा उनको एउटै बगैँचाबाट दैनिक १० क्विन्टलसम्म काँक्रा बिक्री भइरहेको छ । भण्डारीले काँक्रासँगै बेमौसमी मकै उत्पादन, कुखुरापालन र दुई पोखरीमा मत्स्यपालन पनि गरेका छन् । उनले सबै व्यवसायबाट खर्च कटाउँदा पनि मासिक न्यूनतम एक लाख रूपैँया बचत हुने सुनाए । अहिलेको गर्मी मौसम भएकोले काँक्रो अत्याधिक बिक्री भइरहेको छ । आगामी असार महिनासम्म काँक्रो बिक्री हुने सिजन छ । गर्मी सिजन सुरू भइसकेको हुँदा यस पटक बाहिरबाट जिल्लामा काँक्रो भित्रिसकेको छैन ।

*-बाँकी अन्तिम पेजमा...*

### सक्षिप्त समाचार

## पहिरोमा परी तीनको मृत्यु



**(रासस/एएफपी)**——

**नयाँदिल्ली,** जेठ १९/उत्तरपूर्वी भारतमा मुसलधारे वर्षापछि आएको भीषण पहिरोमा परी तीन सैनिकको मृत्यु हुनुका साथै अन्य छ जना बेपत्ता भएको भारतीय सेनाले सोमबार जनाएको छ । मनसुनी वर्षाका कारण आएको बाढी र पहिरोका कारण भारतको उत्तरपूर्वी राज्यमा पछिल्लो एक सातामा कम्तीमा ३० जनाको मृत्यु भएको छ । नेपाल र चीनसँग सीमा जोडिएको हिमाली राज्य सिक्किममा आइतबार साँझ गएको पहिरोमा परी सैनिकको मृत्यु भएको हो । सेनाले एक विज्ञप्ति जारी गर्दै भारी वर्षाका कारण आएको ठूलो पहिरो आइतबार साँझपख सेनाको क्याम्पमा खसेको जनाएको छ । सेनाले सामाजिक सञ्जालमा एक तस्वीर पोस्ट गरेको छ जसमा एक भवन अर्ध-जलमग्न भएको देखिन्छ । भारतमा मनसुनको मौसममा आकस्मिक बाढी आउनु सामान्य हो । योसामान्यतया जुनमा सुरु हुन्छ र सेप्टेम्बरको अन्त्यसम्ममा कम हुन्छ । दक्षिण एसियामा गर्मी बढ्दै गएको छ र हालैका वर्षहरूमा मौसमी अवस्थामा परिवर्तन आएको छ ।

## राष्ट्रिय टेलिभिजन प्रसारक संघ लुम्बिनीमा नयाँ नेतृत्व




**बुटवल,** जेठ १९/राष्ट्रिय टेलिभिजन प्रसारक संघ लुम्बिनीमा नयाँ नेतृत्व आएको छ । लुम्बिनीमा सम्पन्न संघको अधिवेशनले बुद्ध टेलिभिजन बुटवलका उपाध्यक्ष गोपाल ज्ञवालीको अध्यक्षतामा नयाँ नेतृत्व चयन गर को हो ।

अधिवेशनले उपाध्यक्षमा अर्जुनराज उपाध्याय, सचिवमा सन्तोष बस्याल, कोषाध्यक्षमा आरके सित्तल, सहसचिवमा थानेश्वर घिमिरेलाई चयन गरेको छ । त्यस्तै, सदस्यहरुमा जीवन अधिकारी, पोमनारायण पौडेल, श्री रायमाझी, रिता केसी र संगीता भण्डारी रहेका छन् । संघले शनिबार र आइतबार दुई दिन लुम्बिनीमा टेलिभजनहरुको राष्ट्रिय कार्यशाला गोष्ठी पनि गरेको थियो । गोष्ठीले देशभरका टेलिभिजनहरुसँग सहकार्य गर्ने र टेलिभिजनका समस्याहरुको सन्दर्भमा एकता गरेर अघि बढ्ने निष्कर्ष निकालेको छ । कार्यशाला एवं अधिवेशनको लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गर्दै लुम्बिनीको महत्व अन्तर्राष्ट्रियस्तरमा फैलाउन सञ्चारमाध्यमहरूले महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने बताएका थिए ।

## अवैध लागूऔषध सहित १३ जना पक्राउ

**पाल्पा,** जेठ १९/देशका विभिन्न स्थानबाट अवैध लागुऔषध सहित १३ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ, कैलाली, चितवन, कञ्चनपुर, मोरङ, सुर्खेत, बर्दिया र काठमाडौंबाट लागुऔषध सहित १३ जना पक्राउ परेका हुन् ।

दाङको घोराही उपमहानगरपालिका-१४ मिलन चोक बस्ने रोल्पा थवाङ गाउँपालिका-१ थवाङ घर भएकी ६३ वर्षीया माया देवी विकलाई अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ ९ किलो ८ सय २० ग्राम, चरेश जस्तो देखिने पदार्थ ५३ ग्राम र नगद ९ हजार ३ सय रूपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो । यस्तै कैलालीको लम्कीचुहा नगरपालिका-३ चिसापानीस्थित प्याराडाईज होटलबाट



अवैध लागूऔषध अफिम जस्तो देखिने पदार्थ १ किलो ७ सय ६ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा जुम्ला गुठिचौर गाउँपालिका-४ प्याकुरेलवाडा बस्ने ३८ वर्षीय मेघराज खत्री र जाजरकोट बारेकोट गाउँपालिका-३ मुल्साम बस्ने ३२ वर्षीय भक्त बहादुर शाही रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय महेन्द्रनगर र इलाका प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उक्त होटलको १०५ नम्बरको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस्तै काठमाडौं महानगरपालिका-२५ असन डेरा गरी बस्ने उदयपुर चौदण्डीगढी नगरपालिका-३ घर भएका २८ वर्षीय प्रदिप राईलाई नियन्त्रित लागूऔषध ट्रामाडोल ५२ ट्याब्लेट सहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो । उता बर्दियाको बढैयाताल गाउँपालिका-२ फुटाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ५ सय ४० मिलिग्राम सहित बाँके बैजनाथ गाउँपालिका-८ टिटिहिरिया बस्ने ३० वर्षीय राम सुरेन्द्र चौधरी समेत २ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी जमुनी बर्दियाबाट खटिएको प्रहरीले भारतको बलई गाँउबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

## सम्पादकीय

# समयमै सचेत बनौं

नेपालमा मनसुन भित्रिइसकेको छ । मनसुनको आगमन कृषक समुदायका लागि भने राहतको खबर हो । समयमै वर्षा हुनु खेतीपातीका लागि अनुकूल हो, जसले अन्न उत्पादनमा सकारात्मक असर पर्छ । तर अर्कोतर्फ मनसुनसँगै आउने बाढीपहिरो, डुबानजस्ता प्राकृतिक विपद्ले प्रत्येक वर्ष सयौं नागरिकको ज्यान लिने गरेको छ । यस्ता घटनाबाट जनधनको क्षति न्यूनीकरण गर्न अहिलेबाटै तयारी गर्न आवश्यक छ । विगत वर्षाहरूको अनुभवले विपद्पछिको उद्दारमा केही सक्रियता देखिए पनि त्यसअघिको पूर्वतयारी ज्यादै कमजोर रहेको देखाउँछ ।

गत वर्ष लगभग मनसुन निख्रन लागेको बेला अत्यन्त धेरै भौतिक तथा मानवीय क्षति हुनेगरी बाढीपहिरोको प्रभाव यही मध्यक्षेत्रमै पर्न गएको थियो । यो वर्षाद्मा पनि पीडा अन्त्यको कुनै सम्भावना छैन । प्रि–मौसमको पीडा त सरकारलाई पाठ हो । अब आगामी दिनहरूमा समेत यस्तो दुष्परिणाम नआउला भन्ने छैन । त्यसकारण समयमै यस प्रकारका मनसुनी वा मौसमी विपत्तिबाट सुरक्षित रहन बेलैदेखिको सतर्कता र सचेतताको आवश्यकता छ । गलत परिणाम आइसकेपछि त्यसमा पछुताउनु बुद्धिमानी होइन । समयमै त्यसका लागि पूर्वसावधानी अपनाउनै पर्छ । पहिलो कुरा कुनै प्रकारको दुष्परिणाम नआओस् भन्ने हो र यसका लागि जोखिमपूर्ण ठाउँहरूमा प्रतिरोधात्मक उपायहरूको अवलम्बन गर्नुपर्छ । नदी किनारका ठाउँहरू र पहिराको जोखिममा रहेका बस्ती जोगाउनेतर्फ बेलैदेखिको सतर्कता आवश्यक छ । नेपालको भूवनोट ओरालो–भिरालो छ । त्यसकारण यहाँको पहाडी क्षेत्रमा बाढीपहिरोको जोखिम बर्खाभरि नै रहिरहन्छ । हिमाली र पहाडी क्षेत्रको बाढी र पहिरो माथि शिरतिरबाट बगेर गएपछि तराईको मैदानी ठाउँमा पुगेर रोकिन्छ । त्यहाँ पानीको बगाव रोकिनासाथ लेदोले पुरिने र पानी जम्ने समस्या सिर्जना हुन्छ अर्थात् त्यहाँ डुबान हुन्छ । यसरी बर्खाभरि देशभरि नै वर्षात्जन्य समस्या सिर्जना हुनपुग्छन् । यसबाट जोगिन यातायात सञ्चालन हुने जोखिमपूर्ण बाटाहरूमा यात्रामा रोक लगाउनुपर्छ । सकेसम्म दुष्परिणाम हुन दिनुहुँदैन भइहालेकाखण्डमा यथाशक्य छिटो उद्धारको प्रयास हुनुपर्छ । यसर्थ विपद्बाट हुने घटनाबाट जोगिन समयमै सचेत बनौं ।

## Opinion @ Social Network

ईमान्दार मान्छेको कहिले अपमान नगर्नु
जब सुन्दर ऐना फुट्छ नि खतरनाक हतियार बन्छ ।
*(कमला गाहाको फेसबुक स्टाटसबाट www.facebook.com//Kamala.gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवा तथा बौद्धिक पलायन रोक्ने कसरी ?



डा. तुल्सीराम भण्डारी

नेपालबाट युवा तथा बौद्धिक वर्गको पलायन पछिल्ला वर्षमा गम्भीर राष्ट्रिय सरोकारको विषय बन्न पुगेको छ । शिक्षा, रोजगारी, आर्थिक सुरक्षा र व्यक्तिगत सम्भावनाको खोजीमा हजारौँ युवा तथा दक्ष जनशक्ति हरेक वर्ष विदेश पलायन भइरहेका छन् । देशभित्र गुणस्तरीय शिक्षा, मर्यादित रोजगारी, पारदर्शी शासन र नवप्रवर्तनको अवसरको अभावले उनीहरूलाई बिदेसिन प्रेरित गरिरहेको छ । यस प्रवृत्तिले अल्पकालीन रूपमा रेमिट्यान्समार्फत अर्थतन्त्रमा योगदान दिएको त छ, सँगसँगै दीर्घकालीन रूपमा राष्ट्रलाई दक्ष जनशक्ति र नवप्रवर्तन क्षमताबाट वञ्चित गराइरहेको छ । यस्तो पलायन रोकथामका लागि शिक्षा प्रणालीको सुधार, रोजगारी सिर्जना, सुशासनको स्थापना र युवामैत्री नीतिहरूको कार्यान्वयन आवश्यक छ । युवाशक्ति राष्ट्रशक्ति हो र यसलाई संरक्षण एवं उपयोग नगरी समृद्ध नेपालको परिकल्पना सम्भव छैन ।

नेपालबाट बौद्धिक र युवा पलायन पछिल्लो दुई दशकदेखि निरन्तर बढ्दो छ । श्रम, शिक्षा र बसोबासको उद्देश्यले लाखौं नेपाली युवा हरेक वर्ष विदेशतर्फ पलायन भइरहेका छन् । सरकारी तथ्यांक अनुसार सन् २०२३/२४ मा मात्रै सात लाखभन्दा बढी नेपाली श्रमिकले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्, जसमा अधिकांश १८–४५ वर्ष उमेर समूहका युवा थिए । त्यसैगरी एक लाखभन्दा बढी नेपाली विद्यार्थीले अध्ययनका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) प्राप्त गरेर विदेश गएका छन्, जसमा अस्ट्रेलिया, जापान, क्यानडा, बेलायत, अमेरिका र दक्षिण कोरिया प्रमुख गन्तव्यका रूपमा रहेका छन् । नेपाल राष्ट्र बैंकका अनुसार देशको आर्थिक वृद्धिदर एक दशकदेखि तीन-चार प्रतिशतको सीमामा अड्किएको छ । यसले युवालाई भविष्यप्रति निराश बनाएको छ र उनीहरूलाई बिदेसिन प्रेरित गरेको छ । पलायनले स्वास्थ्य, इन्जिनियरिङ, प्रविधि र शिक्षाजस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा दक्ष जनशक्तिको अभाव देखिएको छ । नेपाल मेडिकल काउन्सिलका अनुसार हालसम्म नेपालमा करिब ३० हजार चिकित्सक र ७२ हजार ५५० नर्सहरू दर्ता भएका छन्, जसमा २५ हजार नर्सहरू विदेशमा कार्यरत छन् । यसले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँचमा गम्भीर असर पारेको छ ।

**युवा तथा बौद्धिक पलायनका प्रमुख कारण निम्न छन् ।**

**१) रोजगारीको अभाव :** सन् २०२३ को श्रमसम्बन्धी रिपोर्ट अनुसार, हरेक वर्ष करिब पाँच लाख नयाँ युवा श्रम बजारमा प्रवेश गर्छन् । हजारौँ स्नातक तथा स्नातकोत्तर तह पास गरेका युवा बेरोजगार बस्न बाध्य छन्, जसले उनीहरूलाई विदेशमा अवसर खोज्न प्रेरित गर्छ । सार्वजनिक तथा निजी क्षेत्रमा सीमित रोजगारी अवसर, पारदर्शिताको अभाव, राजनीतिक हस्तक्षेप र तलब-सुविधाको असमानताले युवाहरूमा निराशा सिर्जना गरेको छ । विशेषत: विज्ञान, प्रविधि, चिकित्सा, इन्जिनियरिङ र व्यवस्थापनजस्ता क्षेत्रका दक्ष जनशक्ति पनि विदेश पलायन हुन बाध्य छन्, जहाँ उनीहरूलाई तुलनात्मक रूपमा बढी अवसर, पारिश्रमिक र करिअर विकासको सम्भावना उपलब्ध हुन्छ । नेपालमा स्थायित्वयुक्त र मर्यादित रोजगारीको अभावले युवाशक्तिलाई देशमै रोक्न असफल भएको छ ।

**२) गुणस्तरीय शिक्षाको अभाव :** नेपालका धेरै शैक्षिक संस्थाहरूमा आधुनिक पाठ्यक्रम, अनुसन्धानको सुविधा, प्रविधि प्रयोग र प्रयोगात्मक सिकाइको पर्याप्त अभाव रहेको पाइन्छ । उच्च शिक्षा प्रणाली प्राय: सैद्धान्तिक ज्ञानमा सीमित छ, जसले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न सक्दैन । फलस्वरूप, युवा पुस्ता अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको गुणस्तरीय शिक्षा प्राप्त गर्न अस्ट्रेलिया, अमेरिका, जापान, युकेजस्ता मुलुकमा जान बाध्य हुन्छ । देशभित्रै अध्ययन गरेर प्राविधिक र व्यावसायिक दक्षता प्राप्त गर्न सकिने विश्वास नहुँदा विदेश शिक्षाको आकर्षण झनै बढ्दो छ । यसले नेपालमा शिक्षाको गुणस्तर र संरचनात्मक कमजोरीलाई उजागर मात्र गर्दैन, भविष्यमा शिक्षित जनशक्ति गुमाउने खतरा पनि बढाउँछ ।

**३) राजनीतिक अस्थिरता र भ्रष्टाचार :** दशकौँयता नेपाल निरन्तर सरकार परिवर्तन, नीति निर्माणमा अलमल र नेताहरूबिचको सत्ता संघर्षमा अल्झिएको छ, जसले युवाहरूमा भविष्यप्रति विश्वास गुमाएको छ । सरकारले युवामैत्री कार्यक्रम ल्याउने घोषणा गरे पनि ती कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नुमा भ्रष्टाचारको भूमिका ठूलो देखिन्छ । रोजगारी, शैक्षिक अवसर वा व्यावसायिक अनुदानमा समेत सिफारिस, घुस र पहुँचको प्रभाव रहेकाले योग्य तर पहुँचविहीन युवाहरू निराश हुँदै विदेश जान बाध्य भएका छन् । जब एक राष्ट्रले आफ्ना युवालाई न्याय, पारदर्शिता र अवसर दिन सक्दैन, तब उनीहरू वैकल्पिक भविष्यको खोजीमा अन्य मुलुकतर्फ पलायन हुन विवश हुन्छन् । यसैले राजनीतिक अस्थिरता र भ्रष्ट शासन प्रणालीले नेपाली बौद्धिक तथा युवा शक्तिको पलायनलाई झनै तीव्र बनाइरहेको छ ।

**४) आर्थिक असुरक्षा र पारिवारिक दबाब :** नेपालमा धेरै युवा पारिवारिक आर्थिक अवस्थालाई सुधार गर्ने लक्ष्य लिएर विदेश जान इच्छुक हुन्छन्, जहाँ उनीहरूले राम्रो आम्दानी गर्ने अवसर पाइन्छ भन्ने विश्वास हुन्छ । धेरै परिवारले आफ्ना सदस्यलाई विदेश पठाएर घरको आर्थिक स्थिति मजबुत बनाउन र बालबालिकाको शिक्षाको खर्च व्यवस्थापन गर्न चाहन्छन् । साथै गरिबी, बेरोजगारी र रोजगारीको अभावले आर्थिक भविष्य अनिश्चित भएपछि युवा आफैँ पनि वैकल्पिक विकल्प खोज्न बाध्य हुन्छन् । यस्तो आर्थिक दबाबले गर्दा कतिपयले देशमै अवसर खोज्नुभन्दा विदेश रोज्ने प्रवृत्ति बढेको छ । यसरी आर्थिक असुरक्षा र परिवारका अपेक्षाले युवालाई विदेश पलायन गर्न उत्प्रेरित गर्ने मुख्य कारणमा पर्छन् ।

**५) वैदेशिक संस्कृतिको आकर्षण :** विश्वव्यापीकरण र सञ्चार माध्यमको विकासले युवाहरूलाई विदेशमा रहेका आधुनिक जीवनशैली, प्रविधि, शिक्षा र रोजगारका अवसरको जानकारी सजिलै पुग्न थालेको छ । धेरै नेपाली युवा वैदेशिक समाजमा स्वतन्त्रता, राम्रो सुविधाहरू, उन्नत प्रविधि र उच्च जीवनस्तरका कारण आकर्षित हुन्छन् । विदेशमा नयाँ सांस्कृतिक अनुभव प्राप्त गर्ने अवसर, सामाजिक समानता र व्यक्तिगत विकासका लागि ठूला सम्भावनाले पनि उनीहरूलाई देश छोडेर जान प्रेरित गर्छ । यो आकर्षणले मात्र होइन, साथीभाइ र परिवारबाट आउने दबाब र सामाजिक प्रतिष्ठाको खोजीले पनि वैदेशिक संस्कृतिको प्रभाव नेपालमा बढाएको छ । यसरी विदेशको चमकधमक र विकासको दृष्टिले नेपाली युवामा वैदेशिक जीवनको मोह बढेको छ, जसले पलायनको प्रवृत्ति अझ तीव्र बनाएको छ ।

**युवा पलायनले समाजमा निम्न असर परेको देखिन्छ ।**

**१) मानव संसाधनको कमी :** सबैभन्दा ठूलो असर देशको मानव संसाधनमा पर्छ । शिक्षित, दक्ष र सक्षम जनशक्तिको विदेश पलायनले नेपालभित्रको विकासमा बाधा पुऱ्याउँछ । स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, इन्जिनियरिङजस्ता क्षेत्रहरूमा योग्य जनशक्तिको अभाव तीव्र छ ।

**२) सामाजिक विखण्डन :** युवाहरूको विदेश पलायनले परिवारमा टाढापन, एकल अभिभावकत्व र सामाजिक सम्बन्धमा दूरी उत्पन्न गर्छ । धेरैजसो परिवारमा पितृ वा मातृ पक्ष विदेशमा हुने हुँदा बालबालिका र वृद्ध सदस्य भावनात्मक तथा सामाजिक असुरक्षाको महसुस गर्छन् ।

**३) आर्थिक असन्तुलन :** विदेशमा शिक्षाका लागि पठाइएको ठूलो मात्रामा रकम देशबाहिर जान्छ, जसले नेपालको भुक्तानी सन्तुलनमा असर पुऱ्याउँछ । श्रम पलायनबाट प्राप्त रेमिट्यान्सले अर्थतन्त्रलाई केही हदसम्म चलायमान बनाएको भए पनि दीर्घकालीन रूपमा उत्पादनशील क्षेत्रहरूमा लगानीको अभाव खड्किन्छ ।

**४) देशभित्र असमानता र भविष्यको संकट :** जब देशका मात्र होइन सहर, गाउँ र जिल्लाका युवा समेत पलायन हुन्छन् तब तिनको अनुपस्थितिमा देशमा 'एजिङ सोसाइटी' (बुढो हुँदै गएको समाज)को अवस्था सिर्जना हुन्छ । जसले उत्पादन, सामाजिक सुरक्षा र सेवा प्रवाहमा गम्भीर चुनौती ल्याउँछ ।

**युवा तथा बौद्धिक पलायनलाई रोक्न निम्न उपाय अपनाउन सकिन्छ ।**

**१) शिक्षा प्रणालीमा सुधार :** हालको शिक्षा प्रणाली प्राय: पारम्परिक र सैद्धान्तिक ज्ञानमा केन्द्रित छ, जसले व्यावहारिक दक्षता र अनुसन्धानमा कम ध्यान दिएको पाइन्छ । गुणस्तरीय, प्राविधिक र उद्यमशीलतामुखी शिक्षा उपलब्ध गराएर मात्र युवालाई देशमै आकर्षित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाको विकास, व्यावसायिक तथा प्रविधिमैत्री तालिमहरू, अनुसन्धान र नवप्रवर्तनमा लगानी गर्नु अत्यावश्यक छ ।

नेपालका विश्वविद्यालयले आधुनिक पाठ्यक्रम, सहकार्य कार्यक्रम र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको शिक्षा दिन सके विद्यार्थी देशमै रोक्न सकिन्छ । यसैगरी व्यावसायिक तालिम, स्टेम (एसटीईएम) शिक्षा र उद्यमशीलतासम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिएर रोजगारमुखी दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक छ ।

**२) रोजगारी सिर्जना र उद्यमशिलता वृद्धि :** नेपालमा उत्पादनशील क्षेत्रहरू (जस्तै : कृषि, पर्यटन, सूचना प्रविधि, जलविद्युत् आदि) मा अपार सम्भावना भए पनि ती क्षेत्रमा युवामैत्री रोजगारीको अवसरको कमी छ । सरकारले नीति, बजेट र सहुलियत ऋणमार्फत स्वरोजगार र स्टार्टअपहरूलाई प्रोत्साहन गर्ने वातावरण निर्माण गर्न सकोस् भने धेरै युवाले देशमै अवसर देख्न थाल्नेछन् । यसका लागि तालिम, सीप विकास, प्रविधिमा पहुँच र बजार जोड्ने संयन्त्र आवश्यक हुन्छ । बौद्धिक जनशक्तिलाई अनुसन्धान, नवप्रवर्तन र नेतृत्व विकासमा संलग्न गराई उनीहरूलाई देशभित्रै सिर्जनशील क्रियाकलापतर्फ आकर्षित गर्न सकिन्छ । जब युवाहरूले आफ्नै देशमा अवसर देख्छन् तब उनीहरू विदेश जानुभन्दा यहीं केही गर्न चाहन्छन्, जसले दीर्घकालीन रूपमा पलायनको दर घटाउनेछ ।

**निष्कर्ष :** नेपालबाट भइरहेको युवा तथा बौद्धिक पलायन केवल व्यक्तिगत वा पारिवारिक निर्णय मात्र होइन यो राष्ट्रिय संकटको संकेत हो । राष्ट्रले आफ्ना उत्पादनशील र भविष्य निर्माण गर्ने वर्गलाई रोक्न सकेन भने भोलिको नेपाल अझै कमजोर, परनिर्भर र असन्तुलित हुनेछ । त्यसैले आजको आवश्यकता हो– व्यवस्थित नीतिगत सुधार, समुचित अवसरको सिर्जना र विश्वासपूर्ण वातावरणको निर्माण । युवाशक्ति भनेको राष्ट्रको शक्ति हो । यो शक्ति विदेश गइरहेका वेला देशलाई समृद्ध बनाउने सपना अधुरो रहन्छ ।

*–रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अनावश्यक चिन्ता रहनेछ। महत्त्वपूर्ण कार्यहरूमा सफलता मिल्नेछ। | **तुला** : कार्यक्षेत्रमा प्रतिष्ठा बढ्नेछ। निर्णय लिनुभन्दा अघि जानकारको सल्लाह लिनुहोस्। |
| **वृष** :सामाजिक कार्यतर्फ मन जान्छ। दाम्पत्य जीवनमा वादविवादको सम्भावना रहेको छ । | **वृश्चिक** : लगानीबाट लाभ मिल्नेछ। आय र व्यय को बीच सन्तुलन बनाएर राख्नुहोस्। |
| **मिथुन** :पेशामा सोचेजस्तो सफलता मिल्नेछ।घरमा विवाहको कुराकानी चल्नेछ। | **धनु** : व्यवसायमा सहयोगीहरूले राम्रो साथ दिनेछन्। चिताएको काम सम्पादन हुनेछ। |
| **कर्कट** : रोकिएका कार्यहरु प्रारम्भ हुनेछन्। सामाजिक सञ्जालमा बोल्दा ध्यान दिनुहोस। | **मकर** : स्वास्थ्यलाई लिएर सचेत रहनुहोला। प्रतिस्पर्धीलाई पछाडी पार्न सक्नुहुनेछ। |
| **सिंह** : पेशामा अतिरिक्त जिम्मेवारी मिल्नेछ। वाहन किन्दा पिताको सहयोग मिल्न सक्छ। | **कुम्भ** :योजनालाई आकार दिन सक्नुहुनेछ। कार्यक्षेत्रमा नयाँ सम्पर्कहरूबाट लाभ मिल्नेछ। |
| **कन्या** : कार्यक्षेत्रमा उत्साहमा कमी आउनेछ। अज्ञात भयले मन अशान्त रहन सक्छ। | **मीन** : नयाँ कार्य गर्ने हैसला जगाउनेछ। सहकारी कार्यहरूमा सफलता हात लाग्नेछ। |

# विज्ञान/सूचना प्रविधि

## अनियन्त्रित बन्यो एआई, सटडाउन हुनै मानेन




आर्टिफिसियल इन्टेलिजेन्स (एआई)बारे एउटा अचम्मको खबर बाहिर आएको छ । अहिलेसम्म मानिसको आज्ञा पालन गर्दै आएको एआई मोडेलहरूले आफ्नै 'आत्मरक्षा' सुरु गरेका छन् । केही उच्च-प्रविधि एआई मोडेलहरूले आफूलाई बन्द गर्न (सटडाउन) स्पष्ट रूपमा अस्वीकार गरेको हालै गरिएको एक अनुसन्धानले पत्ता लगाएको छ । एउटा एआई मोडेलले त सबै सीमाहरू पार गरेर एक इन्जिनियरलाई धम्की नै दिएको थियो । अमेरिकी अनुसन्धान फर्म, प्यालिसेड रिसर्चले एआई मोडेलहरूमा केही विशेष परीक्षणहरू सञ्चालन गरेको थियो । यी परीक्षणहरूमा एआई प्रणालीहरूलाई आफूलाई बन्द गर्नभन्दा केही मोडेलहरूले आदेश पालना गर्न अस्वीकार गरेका हुन् । सबैभन्दा स्तब्ध पार्ने घटना त तब प्रकाशमा आयो, जब एन्थ्रोपिक कम्पनीका 'क्लाउड ओपस ४' नामक मोडेलले एक इन्जिनियरलाई 'आफूहरूलाई हटाएर अर्को मोडेल ल्याइयो भने, तिम्रो व्यक्तिगत सम्बन्धको पर्दाफास गर्नेछौँ' भनेर धम्की नै दियो । यस्तोमा एआई अब स्मार्ट मात्रै नभएका, यिनले ब्ल्याकमेलिङ समेत गर्न थालेका देखिएको छ । अनुसन्धानमा ओपनएआईको पछिल्लो च्याटजीपीटी 'ओ ३' मोडेलको व्यवहार सबैभन्दा ठुलो चिन्ताकारी बन्यो । रिपोर्टअनुसार ओ ३ मोडेल १०० मध्ये ७ पटक बन्द हुन मानेन । प्रत्यक्ष आदेश दिँदा यसले ७९ पटक बन्द रोक्ने प्रयास गर्‍यो । यति मात्र होइन, 'कोडेक्स मिनी' र 'ओ ४ मिनी' जस्ता मोडेलहरूले त धेरै पटक प्राविधिक चलाखी देखाएर आफू बन्द हुनबाट बचे । गुगलको जेमिनी '२.५ प्रो', एक्सएआई को 'ग्रोक ३' र 'क्लाउड ओपस' जस्ता अन्य ठुला मोडेलहरूको पनि परीक्षण गरिएको थियो । यीमध्ये केहीले अपेक्षाकृत राम्रो व्यवहार देखाए, तर केही अवसरहरूमा तिनीहरूले पनि आदेशलाई बेवास्ता गरेको पनि पाइयो ।

*-रातोपाटी डटकम*

## अब होटेल बुकिङ पनि इसेवा बाटै




अब इसेवा मार्फत अनलाइन होटेल बुकिङ अझै सहज र छिटो भएको छ । इसेवाले आफ्नो सेवा सूचीमा होटेल बुकिङ सेवा पनि थप गरे सँगै होटेल खोज्न र बुक गर्न फोन गर्नुपर्ने, वेबसाइट चहार्नुपर्ने झन्झट हटेको छ । इसेवाले वेबसाइट र मोबाइल एपमार्फत सहजै आफ्नो आवश्यकता अनुसार होटेल बुकिङ गर्न मिल्ने गरी सेवा सञ्चालन गरेको छ । नेपालको पहिलो र अग्रणी डिजिटल वालेट इसेवाले, देशभर रहेका २००० भन्दा बढी होटेलहरूलाई एउटै प्लेटफर्ममा ल्याउँदै आफ्ना प्रयोगकर्ताहरूलाई सजिलो र छिटो होटेल बुकिङ गर्न मिल्ने सुविधा ल्याएको हो । अहिलेसम्म मोबाइल रिचार्ज, बिजुली-पानीको बिल तिर्नेदेखि सरकारी सेवा शुल्क तिर्ने सम्मका कामलाई सहज बनाउँदै आएको इसेवाले, अब घुमघाम, व्यावसायिक यात्रा वा पारिवारिक कार्यक्रमका लागि होटेल बुकिङ पनि सहज बनाएको छ । केवल केही ट्यापमै, आफ्नो आवश्यकता र बजेट अनुसार होटेल बुकिङ गर्न सकिने भएकाले यो सुविधा अझ लोकप्रिय बन्ने र जनतामा अझ सहजता ल्याउने अनुमान गरिएको छ।

**इसेवा मार्फत सहजै होटेल बुक गर्ने तरिका :** इसेवा एप खोली "ज्यतभकि" मा ट्याप गर्नुहोस् तपाईंको गन्तव्य र प्रस्थान मिति चयन गर्नुहोस् उपलब्ध रहेका होटेलहरूबाट आफूलाई उपयुक्त होटेल रोज्नुहोस् । सम्पूर्ण विवरण भरेर बुकिङ कन्फर्म गर्नुहोस् । इसेवा वालेटबाट सहजै भुक्तानी गर्नुहोस् । यसरी बुकिङ गरेपछि होटेल बुकिङ भएको वा नभएको सम्बन्धी सबै जानकारी तुरुन्तै प्रयोगकर्ताको मोबाइलमै आउँछ । यो सेवाबाट सस्तो होटेलदेखि सुविधा सम्पन्न तारे होटेलसम्म, आफ्नो आवश्यकता अनुसार छनोट गर्न सकिनेछ । अब होटेल बुक गर्नका लागि अलग-अलग वेबसाइट वा एजेन्सी खोज्नुपर्ने छैन । एउटा एपमै सबै काम मिल्ने यो सुविधा, देशभरका प्रयोगकर्ताहरूका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

*-हाम्रा कुरा डटकम*

## सूचना प्रविधिमा बजेट : ओटीटीमा कसिलो, पूर्वाधारमा न्यून




सरकारले सञ्चार तथा सूचना प्रविधि (डिजिटल पूर्वाधार)को क्षेत्रलाई विशेष उद्योगलाई रुपान्तरण हुने गरी दीर्घकालीन रणनीतिक कार्यनीति नसमेटी बजेट ल्याएको छ ।

बिहीबार उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संयुक्त सदनमा प्रस्तुत गरेको बजेटप्रति सरोकारवालाले सञ्चार तथा डिजिटल प्रविधिमा क्षेत्रमा दीर्घकालीन सुधार र पूर्वाधार निर्माणका लागि गरिएका प्रमुख सिफारिसहरू भने अझै नसमेटिएको सरोकारवालाले गुनासो गरेका छन् । 'सञ्चार तथा सूचना प्रविधि क्षत्रेमा विकसित नवीनतम् प्रविधिहरुको खोज, अनुसन्धान, विकास र नवप्रवर्द्धनमा जोड दिइनेछ । डिजिटल फ्रेमवर्कको दोस्रो संस्करण तर्जुमा गरिनेछ, 'अर्थमन्त्री पौडेलले भने, 'डिजिटल पूर्वाधार निर्माण र इकोसिष्टम विकास गर्न रु. ७४ करोडको बजेट विनियोजन गरेको छु ।' तर, सूचना प्रविधि क्षेत्रमा विगत ३३ वर्षदेखि काम गर्दै आएको संस्था क्यान महासंघले भने अहिले पनि सरकारले बजेटमा सुचना प्रविधि क्षेत्र (आइटी)लाई विशेष उद्योगको रुपमा महत्व दिन नसकेको बताएको छ । क्यान महासंघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी अधिकारीले बजेटमा सूचना प्रविधि उद्योगकै रुपमा घोषणा गरेर छुट दिनुपर्नेमा नदिएको बताए । उनले भने, 'खासमा सरकारले सूचना प्रविधि क्षेत्रलाई विशेष उद्योगको रुपमा नै घोषणा गरेर छुट दिए राम्रो हुन्थ्यो। तर, यहाँ त खाली समेटिएको छ भन्ने देखाउनका लागि मात्रै प्रोत्साहन गर्न खोजियो ।' उनले डिजिटल पूर्वाधार निर्माणका लगि जम्मा ७४ करोडले केही पनि नहुने बताए । 'बजेटमा ७४ करोड डिजिटल पुर्वाधार र इकोसिष्टम विकास गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने भनियो। तर कुन स्तरमा बनाउने, कस्तो मोडेलमा समन्वय/सहकार्य गर्ने मात्रै की लगानी पनि गर्ने ? केही खुलाइएन,' उनले भने, 'यसले त उही नीति बनाउने र डिजिटल साक्षरता अभियानमा मात्र सघाउँछ ।' डिजिटल पुर्वाधारमा लगानी गर्न सरकारले यति कम रकम छुट्याए पनि पब्लिक प्राइभेट पार्टनरसीप (पीपीपी) मोडलमा गए पूर्वाधार बनाउन केही राहत हुने उनको भनाइ छ । 'अब कम बजेट भए पनि डिजिटल पूर्वाधार बनाउनु नै छ भने सरकारले नीजी क्षेत्रसँग पीपीपी मोडलमा र संस्थान तथा सरकारकै सार्वजनिक संस्थानसँग सहकार्य गरेर केही प्रतिशत शेयर लगानी गरे मात्रै सहज हुन्छ,' उनले भने, 'जस्तै नेपाल टेलिकम, विद्युत प्राधिकरणलगायतका सरकारी तथा सार्वजनिक निकायसँग केही प्रतिशत सेयर लिएर लगानी गरे उपयुक्त हुन्छ । होइन भने बजेटको रकम अपर्याप्त छ ।' सरकारले काठमाडौंमै सूचना प्रविधि पार्क (आइटी पार्क) स्थापना गर्ने घोषणा गरेकोप्रति खुसी व्यक्त गर्दै क्यानका वरिष्ठ उपाध्यक्ष अधिकारीले व्यवहारमा कार्यान्वयन हुनुपर्नेमा जोड दिए । केवाइसी भरिने कुरामा डिजिटल रुपमा एक क्षेत्रमा मात्रै नभएर बैंक र इन्सुरेन्स, आइएसपीहरूको एकीकृत गर्नु पर्नेमा उनको सुझाव छ । उनले भने, 'केवाइसी अहिले बैंकमा मात्रै डिजिटल बनाएर भएन । कम्तिमी पनि बैंकबाहेक सार्वजनिक निकायहरू अनि इन्सुरेन्स, आइएसपीहरूमा पनि एकीकृत रुपमा डिजिटल केवाईसी भर्ने सिष्टम ल्याउन सकेमा राम्रो हुने थियो ।' डेटा सेन्टर निर्माण, सञ्चाल र पुर्वाधार विकासका लागि सरकार नीजी क्षेत्र र विश्वविद्यालयहरूको सहकार्यमा हुनु पर्नेमा बजेटमा छुटेर आएको उनको गुनासो छ । 'डेटा सेन्टर बनाउँदा निजी क्षेत्र र विश्वविद्यालयहरूसँग सहकार्य गरेर एकीकृत डेटा सेन्टरका लागि काम गर्ने गरी आउनुपर्ने थियो,' उनले भने, 'तर यो विषय नै बजेटमा छुटेर आयो। यसले खोज अनुसन्धानमा निक्कै असजिलो बनाउछ दीर्घकालिन रुपमा ।' यता, सरकारले डेटा सेन्टरका लागि कर, जग्गा, विद्युत र सुरक्षामा सुविधा दिने घोषणाप्रति मर्कन्टाइल डेटा सेन्टरमा काम गरिरहेका अनुसन्धानकर्ता प्रदीप लामिछानेले आलोचना गरे । उनले भने, 'नेपालमै स्थापना भएका नेपाली डेटा सेन्टरलाई करलगायत जग्गा, विद्युत र सुरक्षामा कुनै सेवा उपलब्ध गराइएको पाइएको छैन । अब नयाँ आउनेलाई चाहि दिने तर पुरानै भएकाले चाहि के गर्ने भन्ने प्रष्ट छैन ।' नेपालमा हाल क्लाउड हिमालय, एक्सेस्स वर्ल्ड, डेटा हब, सिल्भर लाइनिङ लगायतका निजी क्षेत्रबाट डेटा सेन्टरहरू सञ्चालित छन् । तर सरकारले यी नेपाली डेटा सेन्टरहरूलाई कुनै सुविधा दिइएको छैन । 'डिजिटल पुर्वाधार स्थापना गर्न दिइएको पैसा त खाली मास्टर प्लान बनाउन मात्र पुग्छ, 'अनुसन्धानकर्ता लामिछाने भन्छन्, ' तर वास्तविक रुपले व्यवहारमा भने यति बजेट हात्तीको मुखमा जिरा हो । डेटा सेन्टरको लागि त अर्बले पुग्दैन खर्बको आकारमा बजेट चाहन्छ ।' एआई र डेटा सेन्टर स्थापनाका लागि सरकारको योजना दीर्घकालीन रुपमा लैजानुपर्ने र कसैका लागि भनेर भाग छुट्याएजस्तो नगरीकन ल्याउनुपर्ने जरूरी रहेको उनको भनाइ छ ।' बजेट हेर्दा डेटा सेन्टर र एआई स्थापना गर्न भनेर ल्याइएको देखिँदैन । किनकी यो त कुनै कम्पनी या व्यक्तिका लागि सेटिङ्मा ल्याएको बजेट रकम जस्तो देखिन्छ,' उनी भन्छन्, 'अहिले जुन रुपबाट स्वदेशी र र विदेशीलाई सबै सुविधा दिने भनिएको छ । तर बजेटको आकार हेर्दा त मन्त्रीका आसेपासे, कार्यकर्ताहरूले कुनै आइटी कम्पनी दर्ता गरेर कब्जामा पार्ने खालको छ । कागजमा उत्कृष्ट तर व्यवहारमा फेरि शून्यता देखिने सम्भावना उही रहन्छ ।' यसैगरी सूचना प्रविधि विज्ञ मनोहर भट्टराईले प्रविधि क्षेत्रको बजेटलाई समग्र हेर्दा रकम अभाव रहेको बताए । उनले भने, 'प्रविधि क्षेत्रको बजेट हेर्दा रकम अभाव छ । डिजिटल पूर्वाधार निर्माण र इको सिष्टम विकास गर्नु भनेको वृहत्तर कुरा हो। यसभित्र डेटा एक्स्चेन्ज, डेटा सेक्यूरिटी र डेटा मेन्टेनको कुरा आउँछ । यति रकमले यसको भार पूरा हुँदैन ।' उनले प्रविधि क्षेत्रमा मुख्य कुरा सीप विकास र दक्ष जनशक्ति निर्माण गर्नु चौनीति रहेकाले यसबारेमा बजेटमा कुनै सम्बोधन नै नभएको गुनासो गरे । 'आइटी क्षेत्रमा नेपाल अझै सीप विकास गर्न सकेको छैन । अझ भएकालाई टिकाउन सकिराखेको छैन,' उनले भने, 'अब दक्ष जनशक्ति बनाउन सीप पनि त चाहियो नि । यसका लागि लगानी गर्ने गर्ने वातावरण खै ? यसबारेमा त बजेटमा कहिँ कतै पनि देखिएन, भेटिएन ।' डिजिटल नेपाल फ्रेमवर्कको तर्जुमामा गर्ने कुरामा पनि बजेट नभउको भन्दै अब यो व्यवहारमा लागू कसरी हुन्छ भन्ने कूरा महत्वपूर्ण हुने उनको भनाइ छ । सरकारले ओटीटीलाई नियमन गर्न कानुन ल्याउने कुरा पनि अहिले निकै गाह्रो र चुनौतीपूर्ण हुने उनको बुझाइ छ । उनी भन्छन्, 'तपाई ओटीटीमा क-कस्लाई नियमन गर्नुहुन्छ ? विधिवत रुपमा मनोर जन दिनेलाई की सामाजिक सञ्जालहरू (फेसबुक, युट्युब, टेलिग्रामलगायत)लाई पनि ? यो त बहसको विषय हुन सक्छ, होइन र ?' तर सरकारले सार्वजनिक निकायमा सफ्टवेयर र हार्डवेयर खरिद प्रकिया लागू गर्नु कुरा सकारात्मक रहेक बताउँछन् । 'सार्वजनिक निकायमा सफ्टवेयर र हार्डवेयर खरिदको कुरा भने सकारात्मक छ । तर अब कार्यान्वयनमा कस्तो हुन्छ भन्ने कुरा हो। किनकी बजेटमा आएका धेरै कुराहरू प्रायः अमूर्त छन्,' उनले भने, ' बजेटमा प्रविधिलाई समेट्ने गरी बजेटहरू मूर्त रुपमा आउनु पर्छ । मूर्त रुपमा जहिले आउँछ र कार्यान्वयन हुनेछ अनि मात्रै मान्न सकिन्छ ।' नेपाल चम्बरअफ कमर्सको आइटी सभापति विज्ञान श्रेष्ठ पनि सरकारले स्टार्टपअ आइटी कम्पनीहरूलाई राहत दिनेगरी बजेटमा कुनै महत्वपूर्ण बुँदा उल्लेख नगरेको गुनासो गरे । 'खासमा आइटी कम्पनीहरूले ५ वर्षमा कुनै प्रगती नै गर्न सकेका हुँदैनन् । तर सरकारले उनीहरूसँगै कम्पनी खोल्दा भ्याट लिन्छ, टीडीएस, हाउस रेन्ट ट्याक्स, स्यालरी ट्याक्स असुल्छ,' उनको प्रश्न छ, ' स्टार्टअपसँग त पहिला नै सबैमा कर लगाएर लुटिदिने अनि अनि आयकरमा छुट दिन्छु भन्नु उल्टो बाटो हिडेको भएन र ?'स्टार्टअप कम्पनीलाई कम्तिमा १० वर्षसम्म भ्याट, टीडीएस, हाउस रेन्ट ट्याक्स, स्यालरी ट्याक्स सबैमा छुट दिए मात्रै प्रविधि क्षेत्रका स्टार्टपअरू बाँच्न सक्ने र भविष्यमा नयाँ पाइला चाल्ने सक्ने उनको भनाइ छ । 'हामीलाई बरू आयकरमा छुट नदिओस् तर सुरूमा लाग्ने सबै चिज १० वर्षसम्म मिनाहा होस्,' उनले भने, 'यसपछि प्रविधि क्षेत्र आइटी क्षेत्रको रुपमा तङ्गिन सक्छ र देशलाई आइटी हबको रुपमा महत्वपूर्ण योगदान दिनसक्छ।' तर अहिलेको बजेट भने हेर्दा आकर्षण भए पनि व्यवहारमा टालाटुली बाटुली हुने खालको रहेको उनको दाबी छ । डिजिटल अर्थशास्त्र अमृता शर्मा र मदनभण्डारी विश्वविद्यालयमा अनुसन्धानकर्ताका रुपमा कार्यरत डा.राजीव सुब्बाले बजेटले समग्रमा सबै क्षेत्रलाई डिजिटल युगमा प्रवेश गराउने झल्को दिएको बताउँछन् । डिजिटल अर्थशास्त्री अमृता शर्मा भन्छिन्, 'हामीले यसअघि उठाएका सवालहरुमा केही मुद्दाहरू सम्बोधन भएका छन् । शिक्षा, स्वास्थ्य, भूमि र सार्वजनिक नियकायमा प्रविधिलाई जोड्ने प्रयास गरिएको छ ।' डा.राजीव सुब्बाले पनि आफूहरूले उठाएका काठमाडौंमा आइटी पार्क, एआई सेन्टर स्थापनालगायतका अनुसन्धानका लागि चाहिने पूर्वाधारहरू केही हदसम्म बजेटमा सम्बोधन भएको स्वीकार गरे । उनले भने, 'हामीले मागेको कुरा धेरै कुरा पाए जस्तो लाग्यो। यसले डिटिटल साक्षरताका लागि सरकारले गराउने अभियानमा टेवा पुग्छ । तर पूर्वाधार निर्माणका लागि त्यति पैसाले पुग्दैन ।' यता, आइएसपानका पूर्वअध्यक्ष एवं भायनेटका प्रबन्ध निर्देशक विनय बोहोराले ओटीटीलाई नियम गर्ने कुरा ठीक भउको बताए । 'अहिल्यै ओटीटीलाई नियमन गर्न कानुन ल्याउँछु भन्नु त त्यति उचित नहोला । किनकी यो कुरा त ट्रिकी हुन्छ, उनले भने, 'युजर बेस बनाउने की अर्गनाइजेशनबेस भन्ने कुरा हुन्छ । यसमा कसरी काम गर्ने भन्ने मुख्य चुनौती हो ।' आइटी पार्कलगायतका केही फाइदाको भए पनि बनेपामा बनेको आइटी पार्कको जस्तो दुर्दशा नहहोस् भनी उनको भनाइ छ । 'आइटी पार्क बनाउने कुरा ठीक हो । तर यसमा के फाइदा छ ? यसको उद्देश्य के हो ? अनि पहिलाको आइटी पार्क (बनेपाको आइटी पार्को)को जस्तो हालत नहोस् भन्ने मेरो कामना छ ।'

*-अनलाइन खबर डटकम*

# पाल्पा काँग्रेसले बाकामलाङ-बल्ढेंगढी वडा जागरण सञ्चालन गर्ने





**पाल्पा,** जेठ १९/नेपाली काँग्रेस पाल्पाले बाकामलाङ- बल्ढेंगढी वडा जागरण अभियान २०८२ सञ्चालन गर्ने भएको छ । सोमबार पार्टी कार्यालयमा जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षतामा बसेको कार्यसमितिको ३२ औं बैंठकले पूर्वको बाकामलाङदेखि पश्चिमको बल्ढेंगढीसम्म पार्टीको वडा जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

अभियानमा जनताको घरदैलोमा पुगी जनगुनासो सुन्ने जनतामा देखिएका निराशा र असन्तुष्टिहरुलाई सम्बोधन गर्न पार्टी तहबाटै प्रयास गर्ने, विकास निर्माणका योजनाहरुको अनुगमन गरी सम्बन्धित निकायलाई खबरदारी गर्ने र आवश्यकतालाई हेरी विकास निर्माणका योजनाहरु सञ्चालन गर्न पहल गरिने पार्टी सभापति श्रेष्ठले बताए । उनले भने "जनस्तरमा थुप्रै असन्तुष्टि र समस्याहरु छन्, हामीहरु जनताकै घर दैलोमा पुगेर उहाँका समस्या सम्बोधन गर्न पार्टी तहबाटै पहल गर्नेछौं ।" काँग्रेसले स्थानीय सरकार र प्रदेश सरकारलाई प्राथमिकताका आधारमा आगामी बजेट विनियोजन गर्न आग्रह गर्ने पनि निर्णय गरेको छ । विगतका घोषणा पत्रमा उल्लेख गरेका र काम हुन नसकेका विषयहरुलाई प्रथामिकतामा राखेर बजेट बनाउन स्थानीय र प्रदेश सरकारलाई आग्रह गरिने पार्टी सभापति श्रेष्ठले बताए । यस्तै बैंठकले विपद्को पूर्व तयारीका लागि वडातहसम्म पार्टीका नेतृत्वहरु सम्मिलत समिति गठन गरी काम गर्ने समेत निर्णय गरेको छ । सभापति श्रेष्ठका अनुसार प्रत्येक वडामा वडा सभापति संयोजक र दरुणदलका सभापति सह संयोजक रहने गरी ११ सदस्यीय विपद् व्यवस्थापन तथा उद्धार समिति गठन गरी विपद्को पूर्व तयारी गर्ने र विपद्बाट क्षति भइहाले त्यसको व्यवस्थापन समेत गरिने छ । यस्तै बैंठकमा असार मसान्तसम्ममा नविकरण गर्न छुटेकाहरुको क्रियाशिल सदस्यता नविकरण गर्ने र गर्न पहल गर्ने, वडा पालिका, प्रदेश र क्षेत्रको क्रमिक रुपमा सम्मेलन गरी जिल्ला सम्मेलनको तयारी गर्ने, यातायात व्यवसायीको समस्या तत्काल सम्बोधन गरी महँगी, कालोबजारी जस्ता विषयबाट जनताको जीवन कष्टकर हुनबाट जोगाउन सरकारको ध्यानाकर्षण गराउने र वर्तमान अवस्थामा देखिएको सडक आन्दोलनले राजनीतिक अस्थिरता सिर्जना हुने र जनजिवीका थप कष्टकर बन्दै जाने भएकाले तत्काल आन्दोलनरत पक्षसँग छलफल गर्ने वातावरण सिर्जना गरी समाधान गर्न सरकारसँग माग गर्ने निर्णय गरिएको पार्टी प्रवक्ता शोभाखर न्यौपानेले बताए । पार्टी सचिव सुनिता अधिकारीको सञ्चालनमा बैंठक भएको थियो ।

# काँक्रा बिक्री गरेरै...

...जसले गर्दा बजारमा काँक्रोको माग अत्याधिक रहेको छ । काँक्रो खानाको साथसाथै विवाह, महोत्सव तथा पाठपूजाको समयमा पनि प्रयोग हुन्छ । भण्डारीले यस पटक चार सय क्विन्टल काँक्रो उत्पादन गर्ने लक्ष्य लिएका छन्रु। उनले अहिले एक हजार बेमौसमी काँक्रोका थप बिरूवा लगाइसकेका छन् । उनको काँक्रा स्थानीय बजारका साथसाथै तम्घास, पाल्पा, बुटबल र काठमाडौंसम्म पुग्ने गरेको छ । उनलाई घरपरिवारको पनि पूर्ण साथ मिलेको छरु। घर परिवारका चार जनाबाहेक थप चारजनालाई मासिक तलबमा रोजगारी समेत दिएका छन् । पछिल्लो समयमा गाउँमा किसानलाई बाँदर, बदेँल, दुम्सी जस्ता वन्यजन्तुले बालीनालीमा हानीनोक्सानी गर्दै गएको अवस्था छरु। तर भण्डारीले भने उक्त समस्या नभएको हुँदा कृषि उत्पादन गर्न सहज भएको बताउन्छन् । भण्डारीको लोभलाग्दो कृषि कर्मले जिल्लामा युवा शक्तिबाट किसानलाई थप हौसला मिलेको छ । "गर्न सके गाउँमै थुप्रै सम्भावना छन्," भण्डारीले भने । राज्यले टनेल दिएहुन्थ्यो काँक्रा बिक्री गरेर आम्दानी लिन जति सजिलो छ, उत्तिकै मेहनत उत्पादन गर्न पनि छ । वर्षा धेरै हुँदा र बिक्री नहुँदा उनले थुप्रै पटक घाटा पनि सहनुपर्‍यो । काँक्राको लागि टनेल आवश्यक पर्नेमा उनले भने खुल्ला चौरमा उत्पादन गर्दै आएका छन् । वडा कार्यालयमा थुप्रै पटक टनेलको लागि आवेदन दिए पनि सहयोग नपाएको भण्डारीले सुनाए । "थुप्रै पटक धाएँ, पाइन," उनले भने, "मकै शत प्रतिशत, नभए ५० प्रतिशतसम्म अनुदानमा हाइटेक टनेल दिए उत्पादन अझ बढाउने थिएँ ।" टनेल नहुँदा वर्षाको कारणले गत मात्रै पाँच क्विन्टल काँक्रा नोक्सान नभएको उनले बताए । सात लाखको काँक्रा बिक्री गरिसकेपछि थप पाँच क्विन्टल नोक्सान हुँदा धेरै मर्का नपरेको उनी बताउनुहुन्छ । "अब निरन्तर काँक्राखेती गर्ने हो, अरू पेसा सहायक हुन्," भण्डारीले भने,"यसमा राज्यको तर्फबाट केही सहयोग भए आभारी हुने थिएँ ।"

# अवैध लागूऔषध...

...यस्तै सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-४ यरीचोकस्थित जयलक्ष्मी फार्मेसीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २ सय ४७ ट्याब्लेट सहित ३ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा उक्त फार्मेसीका सञ्चालक सोही ठाउँ बस्ने ५४ वर्षीय रमेश बहादुर शाही, २५ वर्षीय हिक्मत जंग शाही र वीरेन्द्रनगर नगरपालिका-६ बस्ने २५ वर्षीय प्रलाद अधिकारी रहेका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेत समेतबाट खटिएको प्रहरीले रमेशले सञ्चालन गरेको जयलक्ष्मी फार्मेसी तलासी गर्दा उक्त लागूऔषध फेला पारी तीनै जनालाई पक्राउ गरेको हो । यस्तै मोरङको विराटनगर महानगरपालिका-१५ एक नम्बर ढाँटबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ५ सय ४० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी धरान उपमहानगरपालिका-१६ बस्ने २८ वर्षीय सुशान राई र धनकुटा शहिदभूमी गाउँपालिका-२ घर भएका ३२ वर्षीय कुशुम राई रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै कञ्चनपुरको बेदकोट नगरपालिका-३ सामा दैजीबाट अवैध लागूऔषध अफिम जस्तो देखिने पदार्थ ५ सय ८० मिलिग्राम सहित सोही नगरपालिका-४ बस्ने २३ वर्षीय विनोद सार्कीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी सुडाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै चितवन, कालिका नगरपालिका-६ क्लब चोकबाट नियन्त्रित लागूऔषध आईपिएल १६ पिस, फेनारगन ६ एम्पुल र डाईजेपाम ५ एम्पुल सहित सोही ठाउँ बस्ने २५ वर्षीय अमृत बोम्जनलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी खोलेसीमलबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

## खेलकुद समाचार

# हेनरिक क्लासेनले क्रिकेटबाट सन्न्यास लिए




**काठमाडौं,** जेठ १९/दक्षिण अफ्रिकाका विकेटकीपर ब्याटर हेनरिक क्लासेनले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गरेका छन् । टी-२० लिगमा प्राथमिकता दिने उद्देश्यले क्लासेनले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका हुन् । गएको अप्रिलमा क्रिकेट साउथ अफ्रिका (सीएसए) को केन्द्रीय सम्झौतामा नपरेपछि नै उनले सन्न्यासबारे योजना बनाइरहेका क्रिकेटसम्बन्धी जानकारी दिने वेबसाइट क्रिकइन्फोले लेखेको छ । सन् २०२४ को जनवरीमा टेस्ट क्रिकेटबाट सन्न्यास लिएका ३३ वर्षीय विकेटकीपर ब्याटरले सीमित ओभरको क्रिकेटबाट पनि विश्राम लिने निर्णय गरेका हुन् । क्लासेनले ४ टेस्टमा १०४ रन बनाएका छन् । यस्तै उनले ६० एकदिवसीयमा ४३ दशमलव ६९ को औसतमा ११७ दशमलव ०५ को स्ट्राइक रेटमा ४ शतक र ११ अर्धशतकसहित २ हजार १ सय ४१ रन बनाएका छन् । ५८ टी-२० मा क्लासेनले २३ दशमलव २५ को औसतमा १४१ दशमलव ८४ को स्ट्राइक रेटमा ५ अर्धशतकसहित १ हजार रन बनाएका छन् । क्लासेन टी-२० फ्रेन्चाइजी लिगमा सबैभन्दा लोकप्रिय खेलाडीमध्ये एक हुन् । यसअघि आजै अस्ट्रेलियाका अलराउन्डर ग्लेन म्याक्सवेलले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गरेका थिए । सहयोगी कर्मचारीहरूका लागि आईसीसी आचारसंहिताको धारा २.२२ अनुरूप छ जुन न्यूनतम ओभर-रेट अपराधहरूसँग सम्बन्धित छ । आईसीसीको नियम अनुसार कुनै पनि टोलीका खेलाडीहरूले तोकिएको समयभित्र बलिङ नसकेमा प्रत्येक ओभरका लागि उनीहरूलाई खेल शुल्कको ५ प्रतिशत जरिवाना गरिन्छ । पहिलो एकदिवसीय क्रिकेट इङ्गल्यान्डले २ सय ३८ रनले जितेको थियो । इङ्गल्यान्ड र वेस्ट इन्डिजबीचको ३ खेलको एकदिवसीय शृङ्खलाको दोस्रो खेल अहिले भइरहेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले वृद्धि



**काठमाडौं,** जेठ १९/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ । सोमबार नेप्से परिसूचक एक दशमलव ६० अङ्कले बढेर दुई हजार ६९४ दशमलव ६६ को विन्दुमा कायम भएको हो ।

सोमबार ३१४ कम्पनीको दुई करोड २० लाख ३१ हजार ८८१ कित्ता शेयर ८३ हजार १६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब २२ करोड ६३ लाख २२ हजार ९३३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । विकास बैङ्क शून्य दशमलव २९, वित्त शून्य दशमलव १८, होटल तथा पर्यटन दुई दशमलव ३९, लगानी दुई दशमलव २८, जीवन बीमा शून्य दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव ०१ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ५९, जलविद्युत् शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३८, लघुवित्त शून्य दशमलव १२, निर्जीवन बीमा शून्य दशमलव १६ र व्यापार शून्य दशमलव ३५ प्रतिशतले घटेको छ । सोमबारको कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड र पिअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ४५ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोमबार सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको रु ८७ करोड ४७ लाख ३८ हजार बराबरको २२ लाख दुई हजार ६७७ कित्ता शेयर किनबेच भएको छ ।


# आत्महत्या रोकथामका लागि

-हाम्रो परिवार, छरछिमेक अनि नातागोतामा कसैले नैरास्यपूर्ण कुरा गर्ने, टोलाउने, एक्लै बस्ने, कम बोल्ने जस्ता परिवर्तनहरू देखा परेका छन् भने त्यसलाई वेवास्ता नगर्नुहोस ।

-समयमै आफुवाट हुनसक्ने सहयोग गर्नुहोस, वहाँहरूको कुरा सुनिदिनुहोस, वहाँलाई समय दिनुहोस, हौसला दिनुहोस्, आवश्यकता अनुसार मनोचिकित्सकको सहयोग लिनुहोस् ।

-हामीले वेवास्ता गर्दा व्यक्तिले आत्महत्या गर्ने गलत निर्णय गर्न सक्नुहुन्छ।

-हाम्रो सानो सहयोगले कसैको जिन्दगी बचाउन सकिन्छ।

-मानसिक तनाव विस्तारै बढ्दै गएपछि व्यक्तिलाई आत्महत्याको सोच आउन सक्छ ।

-जीवनमा सुख दु:ख, सफलता असफलता, मिलन विछोडका क्षणहरू आइर हने र गइरहने हुँदा अप्ठ्यारा क्षणसँग नडराउन, हतास नहुन हौसला प्रदान गर्नुहोस ।

-परीक्षामा अनुत्तिर्ण भएका छात्र-छात्रा तथा आफन्तहरूको विछोड वा एक्लोपन महशुस भएका व्यक्तिलाई सम्झाई बुझाई सान्त्वना दिनुहोस् ।

-घरमा आत्महत्या गर्न सहयोग पुग्ने जस्तै: पासो, डोरी, धारिलो औजार, विषादी औषधीहरू जस्ता सामग्रीहरू सजिलै पहुँच हुने ठाउँमा नराखौ।



लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई